**भारतीय राजदूतावास**

**काठमाडौं**

# प्रेस विज्ञप्ति

## लुम्बिनीमा आयोजित भारत-नेपाल सांस्कृतिक महोत्सवको तेस्रो संस्करण

नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष र लुम्बिनी बौद्ध विश्वविद्यालयसँगको सहकार्यमा मिति २०८२ मंसीर २२ गते लुम्बिनीमा भारत-नेपाल सांस्कृतिक महोत्सवको तेस्रो संस्करण आयोजना गऱ्यो ।

२. बौद्ध धर्ममा विशेष केन्द्रित हुँदै यस कार्यक्रममा भारत र नेपाल दुवैको समृद्ध सांस्कृतिक सम्पदा र परम्पराको उत्सव मनाइएको थियो। यस कार्यक्रमको उद्घाटन लुम्बिनी प्रदेशका माननीय प्रदेश प्रमुख  श्री कृष्णबहादुर घर्ती मगर; भारत सरकारका विदेश मन्त्रालयका अतिरिक्त सचिव (उत्तर) श्री मुनु महावर; लुम्बिनी विकास कोषका उपाध्यक्ष  डा. ल्हारक्याल लामा र काठमाडौंस्थित भारतीय राजदूतावासका नियोग उप-प्रमुख डा. राकेश पाण्डेले संयुक्त रुपमा गर्नु भएको थियो । कार्यक्रममा नागरिक समाजका सदस्यहरु, शिक्षाविद्हरु, वरिष्ठ भिक्षुहरुका साथै लुम्बिनी विकास कोषका सदस्यहरु सहितको उत्साहजनक सहभागिता रहेको थियो ।

३. कार्यक्रममा भारत र नेपाल दुवै देशका चर्चित कलाकारहरुको प्रस्तुति सहित सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको थियो। श्री सन्ध्या कुञ्जन मेनन दासको नेतृत्वमा छ सदस्यीय

आईसीसीआर समूहले बौद्ध विषयवस्तुमा आधारित ओडिसी नृत्य प्रस्तुत गरेको थियो। साँझमा नेपाली ब्यान्ड 'घुगु मुगु' द्वारा परम्परागत संगीत प्रस्तुति पनि समावेश थियो ।

४. यस महोत्सवको एक भागको रुपमा मिति २०८२ मंसीर २२ गतेको बिहान लुम्बिनी बौद्ध विश्वविद्यालयमा "इन्डिया-नेपाल बुद्धिस्ट हेरिटेजः अ कमन लिगेसी" शीर्षकको एक शैक्षिक गोष्ठी आयोजना गरिएको थियो । यस गोष्ठीले भारत र नेपालका प्रख्यात बौद्ध विद्वानहरुलाई एकै ठाउँमा ल्याएको थियो जसले दुई देशबीच सांस्कृतिक सम्बन्धलाई सुदृढ पार्न र जनता-जनताबीचको सम्बन्धलाई प्रवर्द्धन गर्न बौद्ध सम्पदाको महत्वबारे आफ्ना अन्तर्दृष्टि साझा गरेका थिए ।

५. यस कार्यक्रमले दुई राष्ट्रबीचको बलियो सांस्कृतिक र ऐतिहासिक बन्धनलाई बढावा दिएको छ ।

काठमाडौं

२०८२ मंसीर २२